# बूढानीलकण्ठ स्कुल तथा साझेदारी कार्यक्रमअन्तर्गतको

# छात्रवृत्ति परीक्षासम्बन्धी सूचना

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत बूढानीलकण्ठ स्कुल, काठमाडौं तथा साझेदारी कार्यक्रममा सहभागी विद्यालयहरूमा कक्षा ५ देखि आवासीय रूपमा निःशुल्क वा सहुलियत शुल्कमा अध्ययनका लागि विपन्न समुदायका जेहेनदार बालबालिकाहरूमध्येबाट छात्रवृत्तिमा छनोटका लागि तपसिल बमोजिमको सूचना प्रकाशित गरिएको छ।

**१. छनोटका आधार :** वि.सं. २०७१/०१/०१ गतेदेखि २०७२/१२/३० गतेसम्म जन्म भई कम्तीमा कक्षा ३ र कक्षा ४ मा अभिभावकको बसोबास भएको जिल्ला वा छिमेकी जिल्लाको सामुदायिक विद्यालयमा नियमित रूपमा अध्ययन गरी शैक्षिक सत्र २०८१ मा कक्षा ४ अध्ययन पूरा गरेका छात्र-छात्रामध्ये भौगोलिक क्षेत्र तथा लक्षित समुदायसमेतको प्रतिनिधित्व हुने गरी लिखित प्रतियोगितात्मक परीक्षाको नतिजाको योग्यताक्रमका आधारमा अन्तर्वार्ताबाट विद्यार्थी छनोट गरिने छ।

**२. फाराम बुझाउने मिति र समय : २०८१ चैत्र २६ गते मङ्गलबार, दिउँसो १:०० देखि ४:०० बजेसम्म तथा**
**२०८१ चैत्र २७ गते बुधबार, बिहान ८:०० बजे देखि १०:०० बजेसम्म**

दरखास्त फाराम bnks.edu.np वा cehrd.gov.np वा moest.gov.np बाट डाउनलोड गरी रीतपूर्वक भरेर दरखास्त फाराममा तोकिएबमोजिम सिफारिस तथा प्रमाणित गराई आवश्यक कागजातसहित आफ्नो जिल्लालाई तोकिएका परीक्षा केन्द्रमा बुझाउनुपर्ने छ।

**३. लिखित परीक्षा मिति र समय : २०८१ चैत्र २७ गते बुधबार, बिहान ११:०० बजे।**

**४. पाठ्यक्रम :** कक्षा ४ मा पढाइ हुने विषयहरू : नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान र सामाजिक शिक्षा/सामान्य ज्ञान ४० प्रतिशत वस्तुगत र ६० प्रतिशत विषयगत

**५. बूढानीलकण्ठ स्कुलका निमित्त खुला तथा आरक्षण सिटको सङ्ख्या : ४२ (५०% छात्रा रहने)**

(क) खुला र आरक्षणतर्फ गरी एक जिल्लाबाट एकजनाभन्दा बढी नहुने गरी ४० जना विद्यार्थी छनोट गरिने छ।
(ख) आरक्षण सिट : लोपोन्मुख -२, दलित -४, मुस्लिम -१, मधेसी- ४, जनजाति - ५ र पिछडिएको क्षेत्र-२
(ग) विद्यालय रहेको स्थानीय तह बूढानीलकण्ठ नगरपालिकाभित्रका - २ जना (एक छात्र र एक छात्रा)।

६. साझेदारी कार्यक्रमअन्तर्गतका साझेदारी स्कुलका निमित्त उपलब्ध भएसम्म जिल्ला नदोहोरिने गरी जम्मा ७७ जना विद्यार्थी छनोट गरिनेछ। यसमा आरक्षण (दलित -५, मुस्लिम - २, मधेसी - ६, जनजाति - ९, सहिद तथा द्वन्द्वपीडित परिवारका सन्तति र वैदेशिक रोजगारीको कममा मृत्यु भएको परिवारबाट - १ र छात्रा कम्तीमा २६ जना।

**७. साझेदारी कार्यक्रमका सहभागी विद्यालयहरू :**

१. शीतलादेवी माध्यमिक विद्यालय, धनकुटा
२. नवजीवन माध्यमिक विद्यालय, जुटपानी, सर्लाही
३. कुलेश्वर आवास माध्यमिक विद्यालय, कुलेश्वर, काठमाडौं
४. बालमन्दिर माध्यमिक विद्यालय, लुम्ले, कास्की
५. जनता माध्यमिक विद्यालय, पाल्पा
६. वीरेन्द्र विद्यामन्दिर माध्यमिक विद्यालय, टीकापुर, कैलाली

**८. आवेदन दस्तुर :** रु. १००/- (एक सय मात्र)।

९. **दरखास्त साथ पेस गर्नुपर्ने कागजातहरू :**

(१) तोकिए बमोजिमको दरखास्त फारामका साथ देहायका कागजातहरू पेस गर्नुपर्ने छ :

(क) माग गरिएको विवरण भरी तोकिएबमोजिमका व्यक्ति (सम्बन्धित प्रधानाध्यापक र स्थानीय तहको शिक्षा प्रमुख) बाट प्रमाणित गरिएको दरखास्त फाराम,

(ख) स्थानीय तहले आमा-बाबु/संरक्षकको मासिक आम्दानीसमेत खुलाई दिएको विपन्नताको सिफारिसपत्र,

(ग) स्थानीय पञ्जिकाधिकारीले प्रदान गरेको विद्यार्थीको जन्मदर्ताको प्रमाणपत्र

(घ) स्थानीय तहबाट अभिभावक र विद्यार्थीसँगको नाता खुलाइएको पत्र

(ङ) अभिभावक/संरक्षकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

स्पष्टीकरण : अभिभावक भन्नाले हजुरबुवा, हजुरआमा, बाबु, आमा, दाजु वा दिदीलाई जनाउँछ ।

(ङ) अघिल्ला २ शैक्षिक सत्रको कक्षा, विद्यालय कोड, विद्यार्थी ID सहित अद्यावधिक IEMIS मा भएको विद्यार्थीको सम्वन्धित विद्यालयहरूबाट प्रमाणित विवरण ।

(च) आरक्षित स्थानमा उम्मेदवार हुन चाहने देहायका समूहका व्यक्तिले दरखास्त साथ देहायबमोजिमको निकायको सिफारिसपत्र :

अ) जनजातिको हकमा आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट

आ) दलितको हकमा राष्ट्रिय दलित आयोग वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयबाट

इ) मधेसी समुदायको हकमा मधेसी आयोग वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयबाट

ई) मुस्लिम समुदायको हकमा मुस्लिम आयोग वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयबाट

उ) बेपत्ता पारिएका व्यक्ति वा सहिद परिवार तथा घाइते वा निजको सन्तति (छोरा-छोरी) को हकमा गृह मन्त्रालय वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयबाट

ऊ) पिछडिएको दुर्गम क्षेत्रका हकमा सम्वन्धित स्थानीय तहबाट हालसम्म सोही स्थानमा स्थायी बसोवास रहेको र निज विद्यार्थीले कक्षा ३ र ४ सामुदायिक विद्यालयमा अध्ययन गरेको भनी खुलाइएको ।

(२) तोकिएको परीक्षा केन्द्रमा परीक्षाका लागि निर्धारित दिनमा सम्बन्धित अभिभावकले परीक्षा सञ्चालन टोलीसमक्ष दरखास्त फाराम तथा आवश्यक कागजातहरू पेस गर्नुपर्ने छ ।

१०. **दरखास्त फाराम भर्दा ध्यान दिनुपर्ने कुराहरू :**

(१) रीतपूर्वक नभरिएको फाराम स्वत: रद्ध हुने छ ।

(२) जिल्लालाई तोकिएका केन्द्रहरूवाहेक अन्य केन्द्रबाट परीक्षा दिन पाइने छैन । जिल्ला भन्नाले विद्यार्थी कक्षा ४ मा अध्ययन गरिरहेको सामुदायिक विद्यालय रहेको जिल्ला सम्भन्नु पर्छ ।

(३) सम्वन्धित अभिभावकको एक सन्तान बूढानीलकण्ठ स्कुलमा अध्ययनरत भएमा निजको अर्को सन्तानलाई बूढानीलकण्ठ स्कुलको हकमा छात्रवृत्ति प्रदान गरिने छैन ।

(४) मासिक रु. ५०,०००/- (पचास हजार) वा सो भन्दा बढी आय हुने अभिभावक वा नेपाल सरकारको उपसचिव वा सो सरह र सोभन्दा माथिको पदमा कार्यरत कर्मचारीका छोरा छोरी छात्रवृत्ति छनोट परीक्षामा सहभागी हुन सक्ने छैनन् ।

११. परीक्षा केन्द्रहरू :

| क.सं. | परीक्षा केन्द्र, ठेगाना | परीक्षा केन्द्रमा सहभागी हुन पाउने जिल्लाहरू |
|---|---|---|
| १. | देवी मा.वि., बिर्तामोड, झापा | ताप्लेजुङ्ग, पाँचथर, इलाम, झापा र मोरङ । |
| २. | शिक्षा सदन मा.वि., बाँझगरा, धरान | भोजपुर, तेह्रथुम, धनकुटा, मोरङ, सुनसरी र सप्तरी । |
| ३. | हिमालय मा.वि., खाँदबारी, सङ्खुवासभा | धनकुटा, भोजपुर, तेह्रथुम र सङ्खुवासभा । |
| ४. | सगरमाथा जनता मा.वि., ओखलढुङ्गा | सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ, उदयपुर र भोजपुर । |
| ५. | पशुपति आदर्श मा.वि., लहान, सिराहा | उदयपुर, सप्तरी, सिराहा र धनुषा । |
| ६. | जनता मा. वि., गौरीडाँडा, बर्दिबास, महोत्तरी | धनुषा, महोत्तरी, सर्लाही, रौतहट, रामेछाप र सिन्धुली । |
| ७. | नेपाल राष्ट्रिय मा.वि., पथलैया, बारा | रौतहट, बारा, पर्सा, सिन्धुली र मकवानपुर । |
| ८. | कालिन्चोक मा. वि., चरीकोट, दोलखा | रामेछाप, दोलखा र सिन्धुपाल्चोक । |
| ९. | सन्जिवनी मा. वि., धुलिखेल, काभ्रेपलान्चोक | काभ्रेपलान्चोक, रामेछाप, सिन्धुपाल्चोक र भक्तपुर । |
| १०. | त्रिभुवन त्रिशुली मा. वि., त्रिशुलीबजार, नुवाकोट | नुवाकोट, धादिङ र रसुवा । |
| ११. | बूढानीलकण्ठ स्कुल, काठमाडौं | काठमाडौं, भक्तपुर, ललितपुर, धादिङ र सिन्धुपाल्चोक । |
| १२ | चितवन मा.वि., भरतपुर, चितवन | मकवानपरु, चितवन, नवलपरासी पूर्व, तनहुँ, गोरखा र धादिङ । |
| १३. | जनविकास मा.वि., बेसीसहर, लमजुङ | तनहुँ, गोरखा, मनाङ, र लमजुङ । |
| १४. | संस्कृत मा.वि., बगर, पोखरा, कास्की | कास्की, स्याङ्जा, लमजुङ, तनहुँ, पर्वत र मनाङ । |
| १५. | रुद्रेपिपल मा.वि., बागलुङ्ग | मुस्ताङ, म्याग्दी, पर्वत, बागलुङ र रुकुम पूर्व । |
| १६. | कान्ति मा.वि., बुटवल, रूपन्देही | नवलपरासी सुस्ता पूर्व, नवलपरासी सुस्ता पश्चिम, पाल्पा, अर्घाखाँची, कपिलवस्तु, र रूपन्देही । |
| १७. | सिद्धबाबा मा. वि., रेसुङ्गा, तम्घास, गुल्मी | गुल्मी, पाल्पा, अर्घाखाँची, प्युठान, रोल्पा र स्याङ्जा । |
| १८. | सरस्वती मा. वि., घोराही, दाङ | दाङ, सल्यान, रुकुम पूर्व, र अर्घाखाँची । |
| १९. | त्रिभुवन मा. वि., कोहलपुर, बाँके | बाँके, बर्दिया, हुम्ला र मुगु । |
| २०. | त्रिभुवन मा. वि., जाजरकोट | रुकुम पश्चिम, रुकुम पूर्व, जाजरकोट, सल्यान, दैलेख र डोल्पा । |
| २१. | नेपाल राष्ट्रिय मा.वि., वीरेन्द्रनगर, सुर्खेत | सुर्खेत, सल्यान, कालिकोट, दैलेख, हुम्ला र मुगु । |
| २२. | जनता मा. वि., जुम्ला | जुम्ला, कालिकोट, मुगु र हुम्ला । |
| २३. | सरस्वती मा. वि. दुनै, डोल्पा | डोल्पा र मुगु । |
| २४. | दुर्गालक्ष्मी नमुना मा.वि., अत्तरिया, कैलाली | कैलाली, कञ्चनपुर, डडेलधुरा, डोटी र दार्चुला । |
| २५. | कृष्ण मा.वि., पाटन, बैतडी | डडेलधुरा, बैतडी, बझाङ, दार्चुला र डोटी । |
| २६. | जनकल्याण मा.वि., साँफेबगर, अछाम | अछाम, डोटी, बझाङ, बाजुरा, हुम्ला र मुगु । |

**(२०८१ चैत्र १ गतेको गोरखापत्र दैनिकमा प्रकाशित)**